# अध्याय 51



## उपसंहार

अध्याय 51 पूरा भैसकेको छ र अन्तिम अध्याय। (मूल ग्रन्थ को 52 नौं अध्याय) लेखिदै छ। यसमा हेमाड पन्तले अन्तिम समालोचना गरेका छन् र अरू मराठी धार्मिक काव्य ग्रन्थहरूमा जस्तौ किसिमले विषयको सूची अन्यमा लेखिइन्छ त्यस्तै किसमले सूची लेख्ने वचन दिएकाछन् अभाग्यवश हेमाड पन्तका कागजपत्रहरू छानबीन गर्दा पनि त्यो सूची पाउन सकिएन। अनि बाबाका एक योग्य तथा धार्मिक भक्त ठाणाका अवकाश अवकाश प्राप्त तहसीलदार श्री बी व्ही देवले त्यो रचेर राखिदिए। पुस्तकको प्रारम्भमा नै विषय सूची दिने तथा प्रत्येक अध्यायम विषयको संकेत शीर्षक स्वरूप लेख्ने नै आजकलको प्रयास छ। यसैले यहाँ अनुक्रमणिका दिएको छैन। यसैले यो अध्यायलाई उपसंहार संझनु नै उपयुक्त हुनेछ। अभाग्यवश हेमाड पंत शाफूले लेखिएको यो अध्यायको प्रतिमा संशोधर गरेर त्यंसलाई छपाउन योग्य बनाइन्जेलसम्म वाँचिरहन सकेनन्।

## श्री सद्गुरूकौ महानता :-

हे साई ! म हजूरका चरण मा वन्दना गरेर (ढोगेर) हजूरसँग शरणको याचना (माग) गर्दछू। किनभने हजूर नै यो सम्पूर्ण विश्वको एकमात्र आधार हुनुहुन्छ। यदि यस्तै नै क्षारणा लिएर हामीले वहाँको भजन पूजा गर्‍यौं भने हाम्रो सम्पूर्ण इच्छा पूरा हुनेछ र हामीलाई आपनो परम लक्ष्यको प्राप्ति हुन जानेच्छ। यो कुरा निश्चित छ। आज निन्दित विचारहरूको किनारामा मायामोहका आँधीबिहारीबाट धैर्यरूपी रूखको जराहरू उखेलिएको छ। अंकाररूपी वायुको प्रबलताबाट हृदयरूपी समुद्रमा तूफान उठ्न गएको छ जसमा क्रोध

र घृणारूपी मोही पौड्न्छन् र अहंभान तथा सन्देहरूपी नानाथरी संकल्प विकल्पको सधैंभर उठ्ने भुमरीमा निन्दा, घृणा र इर्ष्यारूपी अनगिन्ति माछाहरू विहार गरिराखेका छन्। यो समुद्र यस्तै डरलाग्दो भएपनि हाम्रो सद्गुरू साईमहाराज त्यसमा अगस्त्य ऋषि स्वरूप हुनुहुन्छ। यसैले भक्तहरूले अलिकति मात्र पनि डरले थर्कायमान हुनुपर्ने आवश्यकता छैन। हाम्रो सद्गुरू त जहाज हुनुहुन्छ र त्यसैले बहाँले हामीलाई कुशलतापूर्वक यो डरलाग्दो भव समुद्र (संसार सागर) बाट पारी उतारिदिनु हुन्छ।

प्रार्थनाः-

श्री सच्चिदानन्द साई महाराजलाई साष्टाङ्ग नमस्कार गरेर वहाँका चरण पक्डी म सवै भक्तहरूको कल्याणको लागि वहाँसँग प्रार्थना गर्दछु '' हे साई! हाम्रो मनको चच्चलता र वासनाहरूलाई हटाई दिनहोस्। हे प्रभु। हजूरका चरण बाहेक हामीमा कुनै अरू वस्तुको लालसा नरहोस्। हजूरको यो चरित्र घर-घर पुगोस् र यसको नित्य (सधै) पठन पाठनहोस्। साथै जो भक्तले यसको प्रेमपूर्वक अध्यायन गर्ला, उसको सम्पूर्ण संकट हटोस्।''

फलश्रुति (अध्ययनको पुरस्कार):-

अब यो पुस्तकको अध्ययनबाट प्राप्त हुन जाने फलको सम्बन्धमा केही शब्द लेख्ने शब्द लेख्ने छु। यो ग्रन्थको पठन-पाठनबाट मनले चिताएको फलको प्राप्ति हुनेछ। पवित्र गोदावरी नदीमा स्नान गरी, शिरडीको समाधिमन्दिरमा श्री साईबाबाको दर्शन गरेपछि यो ग्रन्थको पठन-पाठन या श्रवण गर्नुभयो भने तपाईको तीन गुना बढ़ी आपत्ति पनि हटेर जानेछ।

समय समयमा श्री साईबाबाको कथा वार्ता गर्दै रहनाले तपाइलाई आध्यात्मिक जगत्प्रति अनजान रूपबाट नै अभिरूचि (चहाना) हुन जानेछ र यदि तपाईले यस प्रकारले नियम तथा प्रेमपूर्वक अभ्यास गदै रहनुमयो भने त तपाईको सम्पूर्ण पाप अवश्य नै नाश हुन जानेछ यदि साँच्चै नै तपाई आउनु जानुबाट मुक्ति चाहनुहुन्छ भने त तपाईले साई कथाहरको नित्य (सधैं) पठन-पाठन, स्मरणको साधैं वहाँका चरणमा प्रगाढ़ (गहिरो) प्रेम

राख्नु पर्छ[1] साई कथा रूपी समुद्रको मन्थन गरेर त्यसबाट प्राप्त रत्नहरू अरूलाइ वितरण गर्नोस् (बाँड्नोस्) त्यसबाट तपाईसाई नित्य (सधै) नयाँ-नयाँ आनन्दको अनुभव हुनेछ र श्रोतागण (सुन्ने मानिसहरू) अधः पतन (तल गिर्नु) बाट बच्न जानेछन्। यदि भक्तगण अनन्य भावले [1](एकत्वभावले) वहाँको शरणमा आउनुभयो भने वहाँहरूको ममत्व नाश भएर समुद्रमा नदी मिले जस्तै गरी बाबासँग अभिन्नता प्राप्त हुन जानेछ। यदि तपाई तीन अवस्था (अर्थात् जागृति, सपना र निद्रा) मध्ये कुनै एउटामा पनि साई चिन्तनमा लीन हुन जानुभयो भने तपाईलाई संसारको चक्रबाट छुटकारा हुन जानेछ। स्नान गरेर प्रेम र श्रद्धा युक्त भई जो यो ग्रन्थलाई एक सातामा पाठ समाप्त गर्लान्, उनीहरूका सारा कष्ट हट्न जानेछन्याजसलेयसको नित्य पाठ या श्रवण गर्नेछन् उनीहरूलाई सबैथरी डरबाट तरून्त छुटकारा मिल्ने छ।

यसको अध्ययनबाट हरकए व्यक्तिलाई आपनो श्रद्धा  र भक्ति अनुसार फल मिल्नेछ। तर यी दुबैको अभावमा कुनै पनि फल प्राप्ति हुने संभव हुँदैन। यदि तपाईले यो ग्रन्थलाई आदरपूर्वक पाठ गर्नुभयो भने श्रीसाई प्रसन्न भएर तपाईलाई अज्ञान र दरिद्रताको पाशोबाट मुक्तगरी ज्ञान धन र समृद्धि प्रदान गर्नहुने छ। यदि एकाग्रचित्त भएर नित्य एक अध्याय मात्र नै पढ्नु भयो भने तपाईलाई आगाध सुखको प्राप्ति हुनेछ। यो ग्रन्थलाई आफ्नो घरमा गुरू पूर्णिमा, गोकुल अष्टमी (श्रीकृष्ण जन्माष्टमी), रामनवमी, विजया दशमी र दीपावली (लक्ष्मीपूजा) का दिनमा अवश्य नै पढ्नु पर्दछ।

.............................................................................

*1. महात्मानस्तु मां पार्थ। देवी प्रकृतिमाश्रिताः*
*भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ।। गीता 9-13।।*
*किन्तु हे अर्जुन! दैवी प्रकृतिको आश्रय गरेका महात्माहरू*
*मलाई जगत्को मूल तत्व अविनाशी जानेर अनन्य चितले भज्दछन्।।*
*सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः।*
*नमस्यन्तश्च मां भक्त्या नित्युक्ता उपासते।। गीत 9-14*
*दृढव्रत भएका योगी हरू नित्य योग युक्त भएर सधैं मेरो कीर्तन,*
*नमस्कार गर्दै भक्तिपूर्वक मेरो उपासना गर्दछन्।।*

यदि ध्यानपूर्वक तपाईले केवल यही ग्रन्थको अध्ययन गरिरहनु भयो भने तपाईलाई सुख सन्तोष प्राप्त हुनेछ र सदैव श्रीसाईका चरणारबिन्द (चरणकमल) को स्मरण, भइरहनेछ। यसप्रकार तपाई भव-सागरबाट सजिलैसंग पार हुनुहुनैछ। यसको अध्ययनबाट रोगीहरूलाई स्वास्थय, गरीबहरूलाई धन र दुःखित र पीड़ितहरूलाई। सम्पन्नता मिल्ने छ। साथै मनका सम्पूर्ण विकार हटेर मानसिक (मनको) शान्ति प्राप्त हुनेछ। मेरा प्रिय भक्त र श्रोतागण ! तपाईहरूलाई प्रणाम गर्दै तपाईहरूसँग मेरो एउटा विशेष निवेदन छ कि जसको कथा तपाईहरूले यतिका दिन र महिनादेखि सुन्नुभएको छ, वहाँको कलिमलहारी (कलिकालको मैलो फाल्ने) सुन्दर चरणलाई कहिल्यै नबिर्सिदिनु होला। जुन उत्साह, श्रद्धा र लगनसाथ तपाईले यी कथाहरूको पाठ या श्रवण गर्नु हुनेछ श्री साईबाबाले त्यस्तै नै सेवा गर्ने बुद्धि हामीलाई दिनुहुनेछ। लेखक र पाठक यो कार्यमा परस्परमा सहयोग गरी सुखी होऊन। सम्पन्नता भिल्ने छ। साथै मनका सम्पूर्ण विकार हटेर मानसिक (मनको) शान्ति प्राप्त हुनेछ। मेरा प्रिय भक्त र श्रोतागण! तपाईहरूलाई प्रणाम गर्दै तपाईहरूसँग मेरो एउटा विशेषनिवेदन छ कि जसको कथा तपाईहरूले यतिका दिन र महिनादेखि सुन्नुभएको छ, वहाँ कलिमलहारी (कलिकालको मैले फाल्ने) सुन्दर चरणलाई कहिल्यै नबिर्सिदिनु होला। जुन उत्साह, श्रद्धा र लगनसाथ तपाईले यी कथाहरूको पाठ या श्रवण गर्नु हुनेछ श्री साईबाबाले त्यस्तै नै सेवा गर्ने बुद्धि हामीलाई दिनुहुनेछ। लेखक र पाठक यो कार्यमा परस्परमा सहयोग गरी सुखी होऊन्।

प्रसादन याचना (अनुग्रहको माग) :- अन्तमा यो पुस्तकलाई समाप्त गर्दै सर्वशक्तिमान् परमात्मासँग तल लेखिएका कृपा या अनुग्रहको नम्र माग गर्दछु- 'हे ईश्वर ! पाठकहरू र भक्तहरूलाई श्रीसाई चरणमा पूर्ण र अनन्य (एकत्व) भक्ति दिनुहोस्। श्री साईको मनोहर स्वरूप नै वहाँहरूको आँखमा सधैं बसिरहोस् र वहाँरूको सम्पूर्ण प्राणीमा देवाधि दिव (दिवताहरूका पनि महादेवता) साई भगवान् को नै दर्शन होस्। यस्तै होस्।

श्री सद्गुरू साईनाथमा अर्पणहोस्। मंगल होओस्।

सप्ताह पुराण सप्तम विश्राम॥

"ॐ म श्री साई यशः कार्य शिरडी वासिने नमः ॥ समाप्त॥